// राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २३, २०८२ भदौ

## महासंघको परिचय:

राष्ट्रिय बाहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी र सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, बिश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन
# “बहिरा आवाज”

वर्ष -०३ अंक- २३, २०८२ भदौ


## यस अंक भित्रः

**विषय-सूची** **पेज**


- **श्रवणदृष्टि विहीन युवाहरुको काठमाण्डौ जिल्ला कार्यशाला सम्पन्न** - २
- **३ महिने नेपाली साङ्केतिक भाषा तालिम सम्पन्न** - ३
- **५ दिने ऊनको सामग्री (Felt) बनाउने तालिम सम्पन्न** - ३
- **बिभिन्न बिषयमा जानकारीमुलक भिडियो निर्माण** - ४


**बिबिध**


- **काठमाण्डौ बहिरा संघको अधिबेशन सम्पन्न** - ४


## श्रवणदृष्टि विहीन युवाहरुको काठमाण्डौ जिल्ला कार्यशाला सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा श्रवणदृष्टि विहीनता युवाहरुको जिल्ला कार्यशाला मिति २०८२ भदौ २० र २१ गते काठमाण्डौमा सम्पन्न भएको छ। उक्त कार्यशालामा १८ जना श्रवणदृष्टि विहीन युवाहरुको सहभागितामा अपाङ्गता अधिकार, वकालत तथा संस्थागत क्षमता विकास र यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धमा बृहत छलफल भएको थियो। श्रवणदृष्टि विहीन संघ नेपालको काठमाण्डौ जिल्ला शाखाको तदर्थ समितिमा सुस्मा दाहालको संयोजकत्वमा ७ सदस्य समिति समेत गठन गरेको थियो। श्रवणदृष्टि विहीन संघ नेपालको काठमाण्डौ जिल्ला शाखाका रुपमा स्थापना भएको उक्त समितिले श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको हक अधिकार तथा सेवा सुविधा प्राप्तिका लागि वकातल पैरवि तथा अन्य गतिविधी गर्ने भएको छ।



*अपाङ्गता अधिकारका विविध विषयमा छलफल गर्दै युवाहरु*

साथै, संस्था दर्ता कानुनी प्रकृया पुरा गरी श्रवणदृष्टि विहीनता भएका युवाहरुको अधिकार लागि काम गर्ने श्रवणदृष्टि विहीनताको पहिचान र जनचेतनाका लागि काम गर्ने समेत जनाएको छ।

NDFN 1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २३, २०८२ भदौ

## ३ महिने नेपाली साङ्केतिक भाषा तालिम सम्पन्न

संयुक्त राष्ट्र संघ नेपाल तथा राष्ट्रिय बहिरा महासंघ नेपालको समन्वयमा ३ महिने नेपाली साङ्केतिक भाषा तालिम मिति २०८२ जेठ २६ गते देखि भदौ २० गते सम्म संचालित तालिम समापन कार्यक्रम सम्पन्न भएको छ। उक्त तालिम संयुक्त राष्ट्र संघ नेपाल अन्तर्गत बिभिन्न शाखाहरुमा कार्यरत १५ जना कर्मचारीहरुलाई तालिम दिइएको थियो। उक्त तालिम संयुक्त राष्ट्र संघमा कार्यरत कर्मचारीहरुले बहिरा नागरिकहरुसंग सहज संचार गर्न सकुन र समावेशीताको भावना अनुरुप सहकार्य गर्न सकुन भन्ने उद्देश्य संचालन गरिएको हो।



*कार्यक्रम समापन पश्चाप सामुहिक फोटो लिदै*

तालिममा राजबहादुर बुढाले तीन महिने नेपाली साङ्केतिक भाषा तालिममा प्रशिक्षण दिनुभएको थियो । सहभागीहरुले तीन महिने तालिम अपुग भएकोले थप तालिम उपलब्ध गराउन माग गरेका थिए। संयुक्त राष्ट्र संघ नेपाल कार्यालयमा सेवा लिन आउदा बहिरा नागरिकहरुको कुनै अवरोध झेल्न नपर्ने एवं आफुहरुले संचार गर्ने सहभागीहरुले  जानकारी दिएका थिए।

## ५ दिने ऊनको सामग्री (Felt) बनाउने तालिम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल र Sister's Handmade को सहकार्यमा मिति २०८२ भदौ १९ गते देखि २४ गते सम्म बहिरा व्यक्तिहरुको लागि ५ दिने ऊनको सामग्री (Felt) बनाउने तालिम काठमाण्डौंमा सम्पन्न भएको छ। उक्त तालिममा १२ जना बहिरा व्यक्तिहरुको सहभागी रहेको थियो। ५ दिने तालिममा सहभागीहरुले ऊनबाट बनेको बिभिन्न सामग्रीहरु निर्माण गर्न सक्ने क्षमता बिकास भएको बताएका थिए।

रोजगारीको अवसरको खोजेमा रहेका वा खाली समय सदुपयोग गर्न इच्छुक बहिरा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्यले गरी उक्त तालिम संचालन गरिएको थियो।

सहभागीहरुले घरमै बसेर भए पनि उक्त सामानहरु निर्माण गरी सम्बन्धित संस्थामा बुझाएर आय आर्जन गर्न सकिने तथा आर्थिक लाभ लिन सकिने जानकारी अध्यक्ष सन्तोष केसीले बताउनुभएको थियो।



*समापन कार्यक्रममा मन्तव्य दिदै*

## बिभिन्न बिषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले एबिलिस फाउन्डेसनको सहयोगमा बहिरा समुदायको सूचना र सञ्चार तथा डिजिटल प्रविधिमा पहुँच अभिबृद्दी परियोजना अन्तर्गत २०२५ मा आरम्भ गरेको साङ्केतिक भाषाको भिडियो निर्माण कार्यले निरन्तरता पायो। बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक, उत्पादनमुलक, सहभागितामुलक भिडियो सामग्रीहरु पहुँचयुक्त ढाँचामा उत्पादन र प्रसारण गरिएको छ। भदौ महिनामा निर्माण गरिएका जानकारीमुलक भिडियो हेर्नुहोस्।

१. अपाङ्गताको परिचय पत्र र सेवा सुविधाका बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
२. सुरक्षित र असुरक्षित छुवाई सम्बन्धी सचित्र सचेतनामुलक भिडियो यहाँ हेर्नुहोस्।
३. अन्तर्राष्ट्रिय साङ्केतिक भाषा दिवस र बहिरा सप्ताह भिडियो यहाँ हेर्नुहोस्।
४. HIV/एड्स बारे भिडियो यहाँ हेर्नुहोस्।

# बिबिध


## काठमाण्डौ बहिरा संघको अधिबेशन सम्पन्न

मिति भदौ १४ सम्पन्न काठमाण्डौ बहिरा संघ, काठमाण्डौको ३६ औँ वार्षिक साधारण सभा तथा १८ औँ अधिवेशनबाट सत्यदेवी वाग्लेको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ। नयाँ कार्यसमितिमा उपाध्यक्ष - अर्चना सैँजु, महासचिव - कृष्ण गुजरेल, सचिव - रविता देउला, कोषाध्यक्ष - विकास शाही तथा सदस्यहरुमा निरज आचार्य, पासाङ शेर्पा, सलिल नेपाल, गृरिष्मा अधिकारी, अनिता महर्जन र सनोज महर्जन निर्वाचित भएका छन्।



*नवनिर्वाचित कार्यसमिति सदस्यहरु*

**हाम्रा साझेदार संस्थाहरु :-**




"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

